## 26th of Oct

## National News

<u>मुख्य समाचार</u>

- जनजाति समुदायको ज्ञानबाट देशको दिगो विकाससम्म योगदान पुग्ने राष्ट्रपतिको भनाइ
- प्रधानमन्त्रीले अक्टोबर 28 मा गुजरातको भ्रमण गर्नुहुने;
- 18 वर्षपछि स्पेनका राष्ट्रपति भारत भ्रमणमा
- श्रीमती निर्मला सीतारामनद्वारा डिजिटल समावेश र दिगो ऊर्जामा नवप्रवर्तन प्रवर्द्धनका लागि विश्व बैंकलाई आह्वान
- झारखण्ड विधानसभा चुनाव: पहिलो चरणमा 1,609 नामांकन, 13 नोभेम्बरमा 43 क्षेत्रमा मतदान

<u>जनजाति समुदायको ज्ञानबाट देशको दिगो विकाससम्म योगदान पुग्ने राष्ट्रपति मुर्मुको भनाइ</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले जनजाति समुदाय प्राकृतिक जीवनशैलीबाट सङ्कलित ज्ञानको भण्डार भएको बताउनुभयो। भारतीय प्रविधि संस्थान - आईआईटी भिलाईको दीक्षान्त समारोहमा उपस्थित जनसमूहलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती मुर्मुले जनजाति समुदायको जीवनशैलीबाट सिकेर देशको दिगो विकासमा महत्वपूर्ण योगदान गर्न सकिने बताउनुभयो। उहाँले भन्नुभयो, देशको सम्पूर्ण विकास तब मात्र सम्भव हुन्छ जब विकास प्रक्रियामा जनजाति समुदायको सक्रिय सहभागिता हुन्छ।

राष्ट्रपतिले छत्तीसगढको भूमि जनजाति परम्परा र संस्कृतिमा सम्पन्न रहेको उल्लेख गर्दै जनजाति समुदायले प्रकृतिलाई नजिकबाट बुझ्ने र शताब्दी-यौँदेखि वातावरणसँग सन्तुलनमा बाँच्ने गरेको बताउनुभयो।

समारोहका क्रममा राष्ट्रपति श्रीमती मुर्मुले 7 जना विद्यार्थीलाई स्वर्ण पदक प्रदान गर्नुभयो। समारोहलाई सम्बोधन गर्ने क्रममा छत्तीसगढका राज्यपाल श्री रमेन डेका र मुख्यमन्त्री श्री विष्णु देव साई पनि उपस्थित हुनुहुन्थ्यो।

<u>प्रधानमन्त्रीले अक्टोबर 28 मा गुजरातको भ्रमण गर्नुहुने;</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अक्टोबर 28 मा गुजरातको भ्रमण गर्नुहुनेछ। उहाँले त्यहाँ धेरै परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। श्री मोदी र स्पेनका प्रधानमन्त्री श्री Pedro Sanchez सँगै टाटा एयरक्राफ्ट कम्प्लेक्समा C-295 विमान निर्माणको उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले अमरेलीमा भारत माता सरोवरको उद्घाटन गर्नुका साथै करिब 4 हजार 9 सय

करोड रुपैयाँका परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरूले अमरेली, जामनगर, मोरबी, देवभूमि, द्वारका, जुनागढ, पोरबन्दर, कच्छ, र बोटाड जिल्लालाई लाभ पुर्याउनेछन्। कनेक्टिभिटी सुधार गर्न प्रधानमन्त्रीले 2,800 करोड रुपैयाँभन्दा बढी लागतका, धेरै सडक परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। उहाँले करिब 1,100 करोड रुपैयाँको लागतमा सम्पन्न भुज-नलिया रेल गेज रूपान्तरण परियोजना पनि राष्ट्रलाई समर्पण गर्नुहुनेछ। श्री मोदीले अमरेली जिल्लामा 700 करोड रुपैयाँभन्दा बढी लागतका जल आपूर्ति विभागअन्तर्गतका विभिन्न विकास परियोजनाहरूको पनि उद्घाटन गर्नुहुनेछ। साथै, प्रधानमन्त्रीले पोरबन्दर जिल्लाको मोकरसागरमा रहेको कर्ली रिचार्ज जलाशयलाई विश्वस्तरीय इको-पर्यटन गन्तव्यका रूपमा रुपान्तरण गर्नका लागि पर्यटनसम्बन्धी विकासका पहलहरूको शिलान्यास गर्नुहुनेछ।

## 18 वर्षपछि स्पेनका राष्ट्रपति भारत भ्रमणमा,

स्पेनका राष्ट्रपति Pedro Sanchez भोलिदेखि 29 अक्टोबरसम्म भारतको औपचारिक भ्रमणमा आउनुहुनेछ। उहाँसँगै उहाँकी धर्मपत्नी श्रीमती Begona Gomez पनि आउनुहुने छ। विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाए अनुसार यो उहाँको पहिलो भारत भ्रमण हुनेछ। स्पेनका राष्ट्रपतिको यो भ्रमण 18 वर्षपछि हुन लागेको हो। यसअघि प्रधानमन्त्री श्री मोदी र राष्ट्रपति श्री Sanchez बीच बहुपक्षीय बैठकका क्रममा धेरैपटक भेटघाट भएको छ।

भ्रमणका क्रममा राष्ट्रपति श्री Sanchez र प्रधानमन्त्री श्री मोदीबीच प्रतिनिधिमण्डलस्तरीय वार्ता हुनेछ। दुई नेताले वडोदरामा C295 विमानको अन्तिम एसेम्बली लाइन प्लान्टको उद्घाटन गर्नुहुनेछ, जुन भारतीय उड्डयन क्षेत्रमा "मेक इन इंडिया" अभियानको प्रमुख पहल हो। यो प्लान्ट Tata Advanced Systems र Airbus Spain को सहकार्यमा स्थापना हुँदैछ। विदेशमन्त्री डा. एस. जयशंकरले पनि भ्रमणका क्रममा राष्ट्रपति श्री Sanchez सँग भेटघाट गर्नुहुनेछ।

भ्रमणको क्रममा द्विपक्षीय सहकार्यलाई थप मजबुत बनाउनका लागि विभिन्न सम्झौता र समझदारीपत्रहरूमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ।

## श्रीमती निर्मला सीतारामनद्वारा डिजिटल समावेश र दिगो ऊर्जामा नवप्रवर्तन प्रवर्द्धनका लागि विश्व बैंकलाई आह्वान

केन्द्रीय वित्त तथा कर्पोरेट कार्यमन्त्री श्रीमती निर्मला सीतारामनले विश्व बैंकलाई डिजिटल समावेश र दिगो ऊर्जाका क्षेत्रमा ग्लोबल साउथको रूपान्तरणकारी अनुभवबाट लाभ उठाउँदै नवप्रवर्तनको दुईतर्फी आदानप्रदानलाई प्रवर्द्धन गर्न आह्वान गर्नुभएको छ। वित्तमन्त्रीले वासिङ्टन डी.सी.मा विश्व बैंकको वार्षिक बैठकमा "भविष्यका लागि तयार विश्व बैंक समूह" विषयमा विकास समितिको पूर्ण सत्रलाई सम्बोधन गर्दै उक्त कुरा बताउनुभएको हो। उहाँले व्यापक सहभागिता प्रवर्द्धन गर्ने, मध्यम आय भएका देशहरूलाई थप ऋण लिन प्रोत्साहित गर्ने र विकासको दायरालाई विस्तार गर्न विश्व बैंकलाई थप प्रतिस्पर्धात्मक मूल्य निर्धारण मोडल ल्याउन आग्रह गर्नुभयो। श्रीमती सीतारामनले भारतको दृष्टिकोणलाई पुनः दोहोऱ्याउँदै विश्व बैंकले वैश्विक सूचकांकहरू, वैश्विक शासन संकेतकहरू र नयाँ बी-रेडी सूचकांकजस्ता तुलना-सापेक्ष कारक-हरू तयार गर्दा प्रमाण र डाटा-आधारित पद्धतिहरूको कडाईका साथ पालन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। वित्तमन्त्री श्रीमती सीतारामनले वार्षिक बैठकका क्रममा अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रबन्ध निर्देशकहरूको वैश्विक नीतिगत कार्यसूचीसम्बन्धी पूर्ण सत्रमा पनि सहभागिता जनाउनुभयो। कार्यक्रममा उहाँले 2024-मा वैश्विक अर्थतन्त्रले उल्लेखनीय लचक-ता देखाएको बताउँदै केही प्रमुख अर्थतन्त्रहरूको उत्पादन क्षमता नजिक पुगेको, शीर्ष मुद्रास्फीति सामान्यतया कम भएको र केन्द्रीय बैंकहरूको लक्ष्य नजिक पुगेको उल्लेख गर्नुभयो।

## दिल्लीमा बढ्दो प्रदूषण नियन्त्रणका लागि उच्चस्तरीय बैठक

दिल्लीमा बढ्दो प्रदूषणको मुद्दामा आज एक महत्वपूर्ण बैठक आयोजना भयो। बैठकमा केन्द्रीय कृषि मन्त्री श्री शिवराज सिंह चौहान, केन्द्रीय वन, वातावरण तथा जलवायु परिवर्तन मन्त्री श्री  भूपेन्द्र यादव, केन्द्रीय कृषि राज्य मन्त्री श्री भागीरथ चौधरीसहित उत्तर प्रदेश, पंजाब, हरियाणा र दिल्लीका कृषि मन्त्री तथा प्रमुख अधिकारीहरू भर्चुअल रूपमा सहभागी भए। बैठकपछि श्री चौहानले जानकारी दिँदै भन्नुभयो,  गत वर्षको तुलनामा पंजाबमा पराल जलाउने घटनाहरूमा 35 प्रतिशत र हरियाणामा 21 प्रतिशतले कमी आएको छ। उहाँले 2017 को तुलनामा पराल जलाउने घटनाहरू 51 प्रतिशतभन्दा बढी घटेको तर अहिले पनि स्थितिमा निगरानी आवश्यक रहेको बताउनुभयो। श्री चौहानले केन्द्र सरकारले पराल व्यवस्थापनका लागि तीन लाखभन्दा बढी मसिन उपलब्ध गराएको जानकारी पनि दिनुभयो।

बैठकमा सहभागी राज्यहरूले प्रदूषणको स्तरमा निरन्तर निगरानी राखेको र सर्वोच्च अदालतका सबै निर्देशनहरूको पालन गर्दै जनचेतना अभियानलाई थप प्रभावकारी बनाउने प्रयास गरिरहेको जानकारी दिनुभयो।

## झारखण्ड विधानसभा चुनाव: पहिलो चरणमा 1,609 नामांकन, 13 नोभेम्बरमा 43 क्षेत्रमा मतदान

झारखण्ड विधानसभा चुनावको पहिलो चरणका लागि कुल 1,609 नामांकन दर्ता भएका छन्। पहिलो चरणको नामांकन प्रक्रिया हिजो सम्पन्न भएको हो, जसमा बरकाठा विधानसभा क्षेत्रबाट मात्रै 70 नामांकन दर्ता भएका छन्। 13 नोभेम्बरमा 43 निर्वाचन क्षेत्रमा मतदान हुनेछ। नामांकन पत्रहरूको जाँच 28 अक्टोबरमा गरिनेछ, र उम्मेदवारहरूले 30 अक्टोबरसम्म आफ्नो नाम फिर्ता लिन सक्नेछन्। चुनाव दुई चरणमा सम्पन्न हुनेछ, जसअनुसार दोस्रो चरणको मतदान 20 नोभेम्बरमा हुनेछ। चुनावी प्रक्रियासँगै हालसम्म 51 करोड रुपैयाँभन्दा बढीको अवैध सामग्री र नगद बरामद भएको छ, भने आदर्श आचार संहिताको उल्लङ्घनका लागि 16 वटा एफआईआर दर्ता गरिएको छ।